**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

# बोनस शेयर प्रमाणपत्र वितरण सम्बन्धी सूचना

यस कम्पनीको २०७५ पौष २६ गते सम्पन्न भएको ४४औं वार्षिक साधारण सभाबाट शेयरधनीहरुलाई चुक्ता पूंजीको १० प्रतिशतका दरले बोनस शेयर प्रदानगर्ने प्रस्ताव पारित भएबमोजिम मिति २०७६ **साल बैशाख २५ गते बुधबार**का दिनदेखि शनिवार, आईतवार र अन्य सार्वजनिक बिदाको दिनबाहेक दिउँसो २:०० बजे देखि ५:०० बजे सम्म कम्पनीको रजिष्टर्ड कार्यालय, ताहाचल काठमाण्डौंबाट शेयर अभौतीकीकरण नगर्नुभएका शेयरधनीहरुको लागि भौतिक **बोनस शेयर प्रमाणपत्र वितरण** गरिने भएकोले कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोनस शेयर प्रमाणपत्र लिन आउँदा अनिवार्य रुपमा आफ्नो शेयर प्रमाणपत्रको सक्कल वा सो को प्रतिलिपि वा अन्य कुनै परिचय खुल्ने परिचयपत्रको प्रतिलिपि सहित उपस्थित हुनु पर्नेछ । कारणवश आफै उपस्थित हुन असमर्थ हुने शेयरधनीहरुले आफ्नो प्रतिनिधि मार्फत शेयरधनी संकेत नम्बर खुलाई रितपुर्वकको अख्तियारनामा दिई बोनस शेयर प्रमाणपत्र प्राप्त गर्न सक्नु हुनेछ । यसरी अख्तियारनामा प्राप्त गर्ने प्रतिनिधिले निजको कुनै आधिकारीक परिचयपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्ने छ । **बोनस शेयर प्रमाणपत्र जारी गर्दा कम्पनीको अभिलेखमा रहेको शेयरधनीको दस्तखत प्रमाणित भएपछी मात्र शेयर प्रमाणपत्र दिइने जानकारी गराउँदछौं ।**

२०७५ साल मंसिर २५ गते (साधारण सभाको लागि बुक क्लोज हुनु अघि) सम्म आफूले लिएको शेयर प्रमाण पत्र अभौतीकिकरण (Demat) गरीसक्नु भएका शेयरधनीहरुको हकमा सो शेयर वापत प्राप्त हुने **बोनस शेयर** उहाँहरुको **हितग्राहीखाता** (Demat Account) मा जम्मा गर्ने व्यवस्था गर्नका लागि **सि.डि.एस. एण्ड क्लियरिङ्ग लि. मा पठाईएको** व्यहोरा समेत जानकारी गराउँदछौं ।

**साथै भौतीक शेयर प्रमाणपत्र धारण गरि रहनुभएका शेयरधनी महानुभावहरुलाई यथाशक्य शेयर अभौतीकीकरण** (Demat) **गर्नुहुन समेत अनुरोध गर्दछौं ।**

साथै, आर्थिक वर्ष २०७४/०७५ को नगद लाभांश मिति **२०७५ माघ** १८ गते देखि वितरण गरिएकोमा बैंक खाता अद्यावधिक गर्नुभएका शेयरधनीहरुको खातामा पठाइएको नगद लाभांश शेयरधनीहरुको खाता रुजु हुन नसकी फिर्ता आएका शेयरधनीहरुको विवरण कम्पनीको वेभसाईटमा राखिएको छ । त्यस्ता शेयरधनीहरुले समेत कम्पनीको लेखा विभागमा सम्पर्क राखी नगद लाभांश भुक्तानी लिनुहुन समेत अनुरोध छ । यो सूचना कम्पनीको वेभसाईट **http://www.soalteehotel.com** मा समेत हेर्न सकिनेछ ।

**कम्पनी सचिव**
**सोल्टी होटल लिमिटेड**
**ताहाचल, काठमाडौं**